नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड

प.सं.: २७३/०७८/०७९

Progressive Finance Ltd. 2051

मिति: २०७८/०९/२८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय: **लाभांष दरमा परिमार्जन गरिएको जानकारी सम्बन्धमा ।**

महाशय,

यस वित्तीय संस्थाको आ.व.२०७७/०७८ को स्वीकृत अन्तिम लेखापरिक्षण प्रतिवेदनमा कर सम्बन्धि व्यवस्थामा फेरबदल हुने अवस्थाले स्वीकृत वित्तीय विवरणमा समेत सारभुत असर पर्ने देखिएकाले उक्त वित्तीय विवरण परिमार्जित गरि पुन: पारित गर्नुपर्ने भएकाले यस वित्तीय संस्थाको मिति २०७८ पौष २८ गते बसेको संचालक समितिको ४७८ औं बैठकबाट आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण परिमार्जित गर्ने निर्णय गरिएको र सोबाट बाँडफाँडका निम्ति उपलब्ध मुनाफाबाट यस अघि प्रस्ताव गरिएको ७.० प्रतिशत बोनस शेयर तथा ०.३६८४ प्रतिशत नियमानुसार लाग्ने कर प्रयोजनार्थ नगद लाभांशमा समेत परिमार्जन हुने भएकाले परिमार्जित वित्तीय विवरण अनुसार संस्थाको संचित मुनाफा घट्न गई आ.व. २०७७/७८ सम्मको मुनाफा तथा शेयर प्रिमियमबाट बोनस शेयर तथा नगद लाभांश परिमार्जन गरि आ.व. २०७७/७८ सम्मको मुनाफा तथा शेयर प्रिमियमबाट शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजी रु.८०,०१,००,०००/- को ६.० प्रतिशत बोनश शेयर रु.४,८०,०६,०००/- (अक्षरेपी: चार करोड असी लाख छ हजार मात्र) र ०.३१५७ प्रतिशत नियमानुसार लाग्ने कर प्रयोजनार्थ नगद लाभांश रु.२५,२६,६३२/- (अक्षरेपी: पच्चिस लाख छब्बिस हजार छ सय बत्तिस रुपैया मात्र) गरी कुल लाभांश ६.३१५७ प्रतिशत अर्थात रु.५,०५,३२,६३२/- (अक्षरेपी: पाँच करोड पाँच लाख बत्तीस हजार छ सय बत्तिस रुपैया मात्र) वितरणको प्रस्ताव गर्ने निर्णय गरी नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतीका निम्ति पेश गर्ने निर्णय भएको जानकारी गराउँदछौं । सो प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएपश्चात आगामी साधारण सभामा निर्णयार्थ पेश गरिने समेत जानकारीका निम्ति अनुरोध गर्दछौं ।

संचालक समितिको उक्त बैठक मिति २०७८ पौष २८ गते बिहान ७:०० बजे आरम्भ भई १०:०० बजे समापन भएको व्यहोरा जानकारीका निम्ति अनुरोध गर्दछौं ।

विशाल हुमागाँई
कम्पनी सचिव

बोधार्थ:

१. श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं
३. श्री सिडीएस एण्ड क्लियरिङ लिमिटेड
पुतलीसड्क, काठमाडौं ।
४. श्री एनआइबिएल एस क्यापिटल लिमिटेड
लाजिम्पाट, काठमाडौं ।

Corporate Office: Tinkune, Kathmandu-32, 01-5199664, 01-5199665, 01-5199667 Fax: 977-1-5199668 P. Bo. No.: 10390
www.pfltd.com.np info@pfltd.com.np
Our business is to finance yours